म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१५ अङ्क:- २१ २०८० मंसिर २२ गते शुक्रबार 8 December 2023, Friday - पृष्ठ ४ मूल्य रु. ५/-

**बालबिवाह सामाजिक र कानूनी अपराध हो**

- बीस वर्ष नपुगी विवाह नगरौं र नगराऔं,
- उमेर नपुगी विवाह गर्नु सामाजिक र कानूनी अपराध हो,
- त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुवै हुने कानूनी व्यवस्था छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सार्वजनिकरुपमा ध्यानाकर्षणपछि सडक मर्मत




*हेटौँडा-५, अब्बलडाँडामा मर्मत गर्नुअघि जोखिमपूर्ण अवस्थाको सडक (बायाँ) र मर्मतपछिको सडक (दायाँ) ।*

समाज संवाददाता

हेटौँडाः सडक पूर्वाधार जोखिमपूर्ण भएको भनी सार्वजनिकरुपमा ध्यानाकर्षण गराएपछि हेटौँडा उपमहानगरपालिकाले मर्मत सम्भारको कार्य गरेको छ । एकसाताअघि सामाजिक सञ्जालमार्फत हेटौँडा-५, अब्बलडाँडामा सडकको बीचभागमा खाल्डो परेको, ढलको छाप्ने भागमा खाल्डो भएको भनी उपमहानगरको ध्यानाकर्षण गराइएको थियो ।

सार्वजनिकरुपमा ध्यानाकर्षण गराउने क्रममा सार्वजनिकरुपमा उपमहानगरको आलोचना पनि भएको थियो । नागरिकस्तरबाट ध्यानाकर्षणका साथै तीव्र आलोचनाभएपछि सडक मर्मतको कार्य भएको छ । महिनौंदेखि सडक जोखिमपूर्ण अवस्था रहे पनि स्थानीय सरकारको ध्यान जान सकेको थिए । मर्मत गर्ने क्रममा कामको गुणस्तरमा पनि ध्यान दिएको देखिन्छ ।

## संस्कृत वेद विद्यालयका संस्थापकको स्मृति

# विद्यालयको सुधारमा सबैको साथ-सहयोगको प्रतिवद्धता

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१०, गोरक्षेश्वर धामस्थित संस्कृत वेद विद्यालयले संस्थापक प्रेमनाथ पराजुलीको चौथो स्मृति सभाको आयोजना गरेको छ। संस्थापकको स्मृति सभामा उहाँको योगदानको चर्चा गर्दै विद्यालयको महत्वबारे सहभागीले उजागर गरेका थिए। संस्कृत विद्या विशिष्ट विद्याको रुपमा रहेको, लोक हुन लागेको र संस्कृतको महत्व बुझ्दै आकर्षकण समेत बढिरहेको सन्दर्भमा विद्यालयको उचित व्यवस्थापन र प्रभावकारी पठनपाठनका लागि सहभागीले जोड दिएका छन् । कार्यक्रममा सहभागी सबैले वेद विद्यालयको सुधारमा साथ र सहयोग रहने प्रतिवद्धता समेत व्यक्त गरेका छन्।




*संस्कृत वेद विद्यालयका नवनिर्वाचित अध्यक्ष रामकृष्ण थापा विद्यालयको विषयमा जानकारी दिनुहुँदै ।*

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामकृष्ण थापाको अध्यक्षता तथा हेटौँडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँको प्रमुख आतिथ्यमा स्मृति सभा भएको हो । विद्यालयका संस्थापक पराजुलीको विषयमा विद्यालयका प्रधानाध्यापक गोपाल अधिकारीले जानकारी गराउनुभएको थियो । विद्यालयको स्थापना र नियमित सञ्चालनमा निरन्तर क्रियाशील रहनुभएका प्रेमनाथ पराजुलीको योगदानको सम्मानमा विद्यालयको सुधार गर्नु जरुरी रहेको प्रधानाध्यापक अधिकारीले बताउनुभयो ।

कार्यक्रममा हेटौँडा उपमहानगर पालिकाका उपप्रमुख बानियाँले संस्कृत वेद विद्यालयका बारेमा आफूलाई अहिले मात्रै जानकारी भएको र आगामी दिनमा उपमहानगरबाट हुन सक्ने सहयोगका लागि प्रतिवद्ध रहेको बताउनुभयो। संस्कृत वेद विद्यालय व्यवस्थापन समितिका निवर्तमान अध्यक्ष एवम् संस्थापक प्रेमनाथ पराजुलीका छोरा सुयशराज पराजुलीले संस्कृत वेद विद्यालयलाई सामान्य विद्यालयकोरुपमा मात्रै बुझ्नु गलत भएको बताउनुभयो । आवासीय सुविधासहितको विशिष्ट विद्यालयको उचित व्यवस्थापनका लागि सरोकारवालाले सकारात्मकरुपमा लिनुपर्ने उहाँको सुझाव थियो ।

कार्यक्रममा वडाध्यक्ष फुर्वा दोर्जे लामाले संस्कृत वेद विद्यालयका लागि आवश्यक बजेटका लागि नगरमा पहल गर्ने र नगरले बजेट उपलब्ध गराउने अवस्था नरहे वडाले नै सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । शिक्षा नै विकासको मूल आधार भएको उल्लेख गर्नुहुँदै वडाले शिक्षालाई पहिलो प्राथमिकतामा राखेर काम गरिरहेको उहाँले बताउनुभयो। विद्यालय व्यवस्थापन समिति पुनर्गठन भएलगत्तै सकारात्मक प्रयास भइरहेको उल्लेख गर्नुहुँदै वडाअध्यक्ष लामाले भन्नुभयो, "विद्यालयमा अध्ययनरत बटुकको सुविधाका लागि पानी तताउने सोलार प्यानल जोड्ने काम भइरहेको छ । विद्यालयको सरसफाई, शौचालय व्यवस्थापन, भान्छा, कक्षाकोठाको उचित व्यवस्थापनमा पनि काम भइरहेको छ। जसमा वडाको प्रत्यक्ष र पूर्ण सहयोग छ ।"

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामकृष्ण थापाले विद्यालयलाई सहयोग गर्न धेरै व्यक्ति र संघ, संस्थाले अग्रसरता देखाएको जानकारी गराउनुभएको छ । व्यवस्थापन समिति पुनर्गठनपछि संस्कृत वेद विद्यालयको सकारात्मक विकासमा योगदान गर्न धेरै क्षेत्रबाट अग्रसरता देखाइरहनुभएको उल्लेख गर्नुहुँदै सहयोग गर्न चाहनेको विश्वास जित्ने गरी काम गर्नु जरुरी रहेको थापाको भनाइ छ ।

हेटौँडा उपमहानगरपालिकाको शिक्षा महाशाखाका प्रमुख हरिचन्द्र सापकोटा, शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरकी अधिकृत उन्नति ढकाल, गोरक्षेश्वरधाम विकास समितिका अध्यक्ष उत्तम शर्मा ढकाल, त्रिवेणीधाम विकास समितिका अध्यक्ष ईश्वरीप्रसाद न्यौपाने, नेपाल पत्रकार महासंघ मकवानपुर जिल्ला शाखाका अध्यक्ष मणिराज गौतमको पनि उपस्थिति रहेको थियो । २०५६ सालमा स्थापना गरिएको विद्यालयमा कक्षा-४ देखि कक्षा-८ सम्म पठनपाठन हुन्छ। विद्यालयमा अहिले २७ जना विद्यार्थी अध्ययनरत छन् ।

## ५ महिनामा प्रदेशमा १२ जना सचिवमा बढुवा

रामकृष्ण घोरासैनी

हेटौंडाः बागमती प्रदेश सरकारले ५ महिनाको अवधिमा १२ जना कर्मचारीलाई सचिव पदमा बढुवा गरेको छ। प्रदेश सरकराको मन्त्रिपरिषद् बैठकले प्रदेश निजामती ऐन २०७९ अनुसार १२ जना कर्मचारीलाई सचिव पदमा बढुवा गरी पदस्थापन गराएको छ।

प्रदेश सरकराले २०८० असार २० गतेको मन्त्रिपरिषद् बैठकको निर्णयले चन्द्र लुईटेल र पूर्णबहादुर दर्जीलाई सचिव पदमा बढुवा गरेको थियो। लुईटेल उमेर हदले अवकाश प्राप्त भइसक्नुभएको छ भने दर्जी प्रदेशसभा सचिवालय हेटौंडामा सचिवको रुपमा कार्यरत रहनुभएको छ।

यस्तै, सरकरको साउन १४ गते बसेको मन्त्रिपरिषद् बैठकले स्वास्थ्यतर्फ नारायणबहादुर कार्की र इन्जिनियरतर्फ लोकनाथ रेग्मीलाई सचिवमा बढुवा गरेको थियो। स्वास्थ्यतर्फका कार्की ल्याबमा धुलिखेल अस्पतालमा कार्यरत रहनुभएको छ भने इन्जिनियर रेग्मी हेटौंडामा कार्यरत रहनुभएको छ।

गत कार्तिक २२ गते बसेको मन्त्रिपरिषद् बैठकले प्रदेशका अधिकृतस्तर एघारौं तहमा ३ जनालाई बढुवा तथा पदस्थापन गरेको थियो । जसमा कृषि विकास निर्देशनालय हेटौंडाको प्रमुखमा सुधीर श्रेष्ठ, कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र भण्डाराको प्रमुखमा नारायणकुमार श्रेष्ठ र डा. गौरीमान श्रेष्ठलाई पशुपछी तथा मत्स्य विकास निर्देशनालय हेटौंडाको निर्देशकको रुपमा पदस्थापना गरिएको थियो।

बुधबार (मंसिर २० गते) बसेको मन्त्रिपरिषद् बैठकले ५ जना कर्मचारीलाई ११ औं तहमा बढुवा गरी पदस्थापना गराएको छ । शिक्षा विकास निर्देशनालय हेटौंडाको निर्देशकमा दीपेन्द्र सुवेदी बढुवा हुनुभएको हो । बैठकले स्वास्थ्यतर्फ दीपक तिवारी, बसन्त अधिकारी, डा. अर्जुनप्रसाद सापकोटा र डा. नरेन्द्रकुमार झालाई सचिवमा बढुवा गरेको हो।

यस्तै, मुख्यमन्त्री कार्यालयले आर्थिक वर्ष २०८०/८१ को पहिलो चौमासिकमा राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा सहभागिता जनाएको छ। प्रदेश सरकारको चालु आर्थिका वर्षको बजेट, नीति तथा कार्यक्रम कार्यान्वयनका सम्बन्धमा मुख्यमन्त्री तथा मन्त्रीहरूबीच कार्यसम्पादन करार भएको छ। महालक्ष्मी नगरपालिका, ललितपुरको केन्द्र हेरफेर सम्बन्धी प्रस्ताव र बलेफी गाउँपालिकाको वडा संख्या तथा वडा सिमाना हेरफेर सम्बन्धी प्रस्ताव प्रदेश सरकारबाट स्वीकृत भई नेपाल सरकारसमक्ष पेस भएको छ।

राष्ट्रिय योजना आयोगबाट आयोजना भएको १६ औं आवधिक योजनाको प्रारम्भिक मस्यौदा छलफल कार्यक्रम सञ्चालनका लागि आवश्यक समन्वय र सहजीकरण गरेको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयद्वारा आयोजित प्रदेशस्तरीय कार्यविस्तृतिकरण परिमार्जनसम्बन्धी अन्तरक्रिया कार्यक्रम सञ्चालनको लागि आवश्यक समन्वय र सहजीकरण गरेको छ

कार्यालयले नियमित कार्यसम्पादनतर्फ नेपाल सरकारका विभिन्न मन्त्रालय तथा निकायहरु, संवैधानिक आयोगहरु, बागमती प्रदेशका स्थानीय तह तथा अन्य प्रदेशहरुसँग समन्वय, सम्पर्क र सहयोग आदानप्रदानका क्रियाकलापहरु (पत्राचार, बैठकमा सहभागिता आदि) गरेको छ । नेपाल सरकारका विभिन्न मन्त्रालय तथा निकायहरु तथा संवैधानिक आयोगहरुबाट माग भई आएका विवरण तथा तथ्याङ्कहरु सङ्कलन तथा एकीकृत गरी पठाउने कार्य, नेपाल सरकार, नेपाल सरकारका मन्त्रालय तथा निकाय एवम् संवैधानिक निकायहरुबाट भएका निर्णय कार्यान्वयन, यसका लागि बागमती प्रदेश सरकारका सम्बन्धित मन्त्रालय तथा निकायहरुसँग सहकार्य गरेको छ ।

## मकवानपुरगढीमा पुस महिनाभित्र अस्पताल सञ्चालनमा आउने



*मकवानपुरगढी अस्पतालको नवनिर्मित भवन ।*

समाज संवाददाता

हेटौँडाः मकवानपुर जिल्लाको मकवानपुरगढी गाउँपालिकाले पालिकाभित्रै अस्पताल सञ्चालनका लागि आवश्यक तयारी अन्तिम चरणमा पुऱ्याएको छ । संघीय सरकारको बजेटमा मकवानपुरगढी-६, डुम्रेकुनामा अस्पताल भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । ६ करोड ७० लाख रुपैयाँ लागतमा निर्माणाधिन भवनको विद्युत र पानीको काम भइरहेको छ भने अस्पताल परिसरमा पर्खाल लगाउने काम भइरहेको छ ।

संघीय सरकारले ५ देखि १५ बेडसम्मको अस्पताल पालिकास्तरमा सञ्चालन गर्ने गरी देशभरका पालिकामा भवन निर्माणको कार्य सुरु गरेको थियो । पालिकास्तरमा अस्पताल सञ्चालन गर्न संघीय सरकारले प्रशासनिक संरचनाको खाका समेत तयार पारेको छ । मकवानपुरगढी गाउँपालिकामा मेडिकल अधिकृत अस्पताल प्रमुख रहने गरी ३० जनाको दरबन्दी संरचना तयार पारिएको छ। मकवानपुरगढी गाउँपालिकाको स्वास्थ्य शाखाका प्रमुख ध्रुवप्रसाद लामिछानेका अनुसार मकवानपुरगढी गाउँपालिकाले पुस मसान्तसम्ममा अस्पताल सञ्चालनमा ल्याउने तयारी भइरहेको छ। मकवानपुर गढी गाउँपालिकाका सबै वडामा स्वास्थ्य इकाई स्थापना भइसके पनि अस्पतालको अभावमा गाउँपालिकाका नागरिक हेटौँडा उपमहानगरपालिकास्थित सरकारी तथा निजी अस्पतालमा पुग्न बाध्य छन् ।

## सम्पादकीय

# बाटो छोटो, निर्माण ढिला

बागमती प्रदेशको राजधानी हेटौंडालाई संघीय राजधानी काठमाडौंसँग जोड्ने सबैभन्दा छोटो बाटोको निर्माणमा ढिलाइ भइरहेको छ । मुलुकमा संघीयता कार्यान्वयनसँगै हेटौंडालाई बागमती प्रदेशको अस्थायी राजधानी कायम गरिएसँगै हेटौंडा-काठमाडौंबीचको छोटा वैकल्पिक मार्गहरुको स्तरोन्नतिका लागि प्रयास सुरु भएको थियो । हेटौंडाबाट त्रिभुवन राजपथको भैंसेसम्म ११ किलोमिटर सडक स्तरीय छ । भैंसे-भीमफेदी खण्डको करिब ११ किलोमिटर सडक विस्तार र स्तरोन्नतिको काम सुरु भएको करिब ४ वर्षसम्म अझै पूरा हुन सकेको छैन । भीमफेदीबाट देउराली हुँदै कुलेखानीसम्मको करिब १६ किलोमिटर सडक केही चौडा पारेर स्तरीकरणको काम करिब २ वर्षअघि नै सम्पन्न भइसकेको छ । कुलेखानीदेखि काठमाडौं जाने चारवटा मार्गहरुको विस्तार र स्तरीकरणको काम वर्षौंदेखि चलिरहेको भए पनि खासै प्रगति हुन सकेको छैन ।

हेटौंडाबाट भीमफेदी हुँदै कुलेखानी पुगेपछि काठमाडौं जानका लागि चारवटा वैकल्पिक मार्गहरु प्रयोग भइरहेका छन् । कुलेखानीबाट सिस्नेरी, दक्षिणकाली हुँदै काठमाडौं जाने, कुलेखानीबाट फाखेल, हुमानेभञ्ज्याङ, फर्पिङ हुँदै काठमाडौं जाने, कुलेखानीबाट फाखेल, चखेल, मातातीर्थ हुँदै काठमाडौं जाने र कुलेखानीबाट मार्खु, चित्लाङ, चन्द्रागिरी हुँदै काठमाडौं जाने चारवटा वैकल्पिक मार्गहरु रहेका छन् । यी सबै मार्गहरुमा अहिले स्तरीकरण तथा विस्तारको काम भइरहेको भए पनि निर्माण सम्पन्न हुन सकेको छैन । धेरै वर्षदेखि स्तरीकरण र विस्तारको काम भइरहेको चारवटै मार्गको काम अलपत्र बनिरहेको छ । सडक निर्माण सहज बनाउन समय-समयमा सवारी आवागमन बन्द गरेर काम गरिएको भए पनि काममा तिब्रता आउन सकेको छैन । यसले हेटौंडा-काठमाडौं बीचको यात्रा कष्टकर र जोखिमपूर्ण बनिरहेको छ ।

कुलेखानीबाट काठमाडौं पुग्ने चारवटा वैकल्पिक बाटोमध्ये सबैभन्दा छोटो दुरीको चखेल-मातातीर्थ सडकखण्डको निर्माण कार्य चाँडो सक्न प्रतिनिधिसभा सदस्य महेशकुमार बर्तौलाले निर्माण व्यवसायीलाई निर्देशन दिएका छन् । बुधबार बर्तौलाले उक्त सडकखण्ड निर्माण छिटो पूरा गर्न निर्देशन दिएका हुन् । २०७६ सालमा २३ करोड रुपैयाँमा ठेक्का सकारेर २२ महिनाभित्र उक्त सडकखण्ड निर्माण सम्पन्न गर्ने सम्झौता गरेको भए पनि सडक निर्माणको काम आधाजति बाँकी छ । निर्धारित समयभन्दा करिब दुई वर्ष ढिलासम्म पनि काम सम्पन्न नभएपछि सांसद बर्तौलाले निर्माण व्यवसायी निर्माण कार्य चाँडो सकाउन निर्देशन दिएका हुन् । निर्देशनपछि निर्माण व्यवसायीले एक-दुई दिनमै कामदार थप गरी बाटो बन्द गरेर भए पनि निर्माण कार्यलाई तिब्रता दिने बताए पनि कहिलेसम्म निर्माण सम्पन्न हुने निश्चित छैन । करिब १४ किलोमिटर दुरीको सडकखण्डको अझै करिब ४५ प्रतिशत निर्माण कार्य हुन बाँकी रहेको र पुरानो संरचनाहरु पनि भत्किएको अवस्थामा सडक निर्माण गुणस्तरीय हुने र चाँडै पूरा हुनेमा विश्वस्त हुन सकिने अवस्था छैन ।

हेटौंडा-काठमाडौं छोटो बाटो फराकिलो र स्तरीय भएमा मकवानपुरका मात्र नभई मध्य तराईका बासिन्दाहरु पनि प्रत्यक्ष लाभान्वित हुनेछन् । यसले यात्रुलाई सुविधामात्र नभई समय, इन्धन र गाडीका पार्टपूर्जामा हुने खराबीलाई समेत कम गर्दछ । तर, समयमा सडक स्तरीकरणको काम सम्पन्न नहुँदा राज्यको लगानी वृद्धि हुनुका साथै यात्रु तथा सवारी चालकले दुःख पाउँदै आएका छन् । हेटौंडा-काठमाडौं जोड्ने वैकल्पिक राजमार्गको रुपमा अघि बढाइएका चखेल-मातातीर्थमात्र नभई सिस्नेरी, फाखेल तथा चित्लाङ हुँदै जाने सबै सडकखण्डहरु गुणस्तरीयरुपमा समयमै निर्माण सम्पन्न गराउन निर्माण व्यवसायीलाई सबै पक्षले दवाव दिनु आवश्यक छ । निर्माण कार्यको जिम्मा लिएर वर्षौंसम्म काम नगर्ने परिपाटीको अन्त्य नहुँदासम्म यस्ता समस्या आइरहने भएकाले विकास निर्माणका कामहरु समयमै सम्पन्न गर्न प्रेरित गर्ने र समयमा सम्पन्न नगर्नेलाई कडा कारबाही गर्ने नीति ल्याउनु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : दाजुभाइसँगको सम्बन्धमा आँच आउने छ ।
**वृष** : राजनैतिक र परोपकारजन्य काममा सरिक ।
**मिथुन** : कार्यक्षेत्रमा थुप्रै अवसरहरु देखापर्ने समय छ ।
**कर्कट** : सामाजिक र धार्मिक कार्यमा सरिक भइने छ ।
**सिंह** : धार्मिक र परोपकारजन्य काममा सरिक भइने छ ।
**कन्या** : अध्ययन– अध्यापनका क्षेत्रहरु सफल रहनेछन् ।
**तुला** : सामाजिक र धार्मिक कृत्यमा लाभ प्राप्त होला ।
**वृश्चिक** : पढाइ–लेखाइ मध्यमकारक रहने योग छ ।
**धनु** : सामाजिक तथा धार्मिक कार्यमा सरिक भइने छ ।
**मकर** : सिर्जनात्मक र रचनात्मक कार्यबाट लाभ प्राप्त ।
**कुम्भ** : साहित्यिक कार्यमा झुकाव बढ्ने योग छ ।
**मीन** : अध्ययन– अध्यापनमा मन जाने समय छ ।

# बढ्दो महिला नेतृत्व



सुदर्शन अधिकारी



नेपाल सरकारले नोभेम्बर २५ देखि डिसेम्बर १० सम्मका १६ दिनलाई महिला हिंसा निर्मूलसम्बन्धी अन्तर्राष्ट्रिय दिवसका रूपमा मनाउने गरेको छ। अहिले देशभर सो अभियान विभिन्न कार्यक्रम गरी प्रभावकारी रूपमा चलिरहेको छ। हाम्रो समाज पुरुषप्रधान, जहाँ हरेक निर्णय पुरुषको पक्षमा हुने गरेको छ। समाज कतिसम्म विभेदकारी छ भन्ने बुझ्न एउटा दृष्टान्त हेरे पर्याप्त हुन्छ। यदि महिलाको निधन भएमा १३ दिन पनि बित्न नपाउँदै अर्की पत्नी ल्याउन हतार हुन्छ। तर, पति बितेमा भने जीवनभर बिधुवाको रुपमा बस्नुपर्ने अवस्था विद्यमान छ। त्यसैगरी महिला वर्गलाई अबला, कमजोर, अक्षम, कोमलजस्ता विभिन्न उपमा दिइएका हुन्छन्।

संविधानले महिलालाई पर्याप्त अधिकार प्रदान गरे पनि सामाजिक परिवेश तथा पुरातन सोचका कारण अझै पनि अनेकौं प्रकारका विभेदका सिकार बन्न बाध्य छन्। अन्धविश्वासको सिकार पनि महिला नै भएका छन्। बोक्सी, चुडेलजस्ता अनेक आरोपमा शारीरिक तथा मानसिक यातना भोग्न विवश छन्। बोक्सीका नाममा अमानवीय यातना भोग्न बाध्य बनाइएका छन्। मानव मलमूत्र खुवाउने, पिट्ने, कुट्नेजस्ता क्रूरतापूर्ण यातना र व्यवहार गर्ने हाम्रो समाज कहिले उदार बन्ने होला ? त्यसैगरी खासगरी मधेस प्रदेशमा दाइजो प्रथाको नाममा महिला हिंसा विद्यमान रहेको छ। जीवितै जलाउने, कुटपिट गर्ने, अमानवीय यातना दिने गरिन्छ। महिला हिंसाविरुद्धको १६ दिने अभियान चलिरहँदा त्यस्ता यातना हटाउनेतर्फ पनि विशेष कदम चाल्ने हो कि ?

शिक्षाको विकास र चेतनाको स्तरमा सुधार गरी समाज बदल्न हामीले थप प्रभावकारी कार्य गरी समाज समुन्नत र विकसित कनाउने मार्गमा अगाडि बढ्नुपर्छ। महिलाकै हकहित र अधिकारको सुनिश्चतताका लागि भनेर महिला आयोग, महिला तथा समाजकल्याण मन्त्रालयजस्ता संस्थाहरूको गठन पनि भएका छन्। नेपालको संविधान, २०७२ को धारा ३८ मा महिलाको हकको व्यवस्था गरिएको छ, जसमा प्रत्येक महिलालाई लैंगिक भेदभावबिना वंशीय हक हुनेछ भनेर उल्लेख गरिएको छ। साथै, राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने हक हुनेछ। महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा सहभागी हुने हक हुनेछ भन्दै स्पष्ट रूपमा उल्लेख गरिएको छ। यसरी कानुनले प्रस्ट बनाए तापनि समाजमा अझै महिलालाई हेर्ने दृष्टिकोण भने विभेदपूर्ण नै रहेको छ।

नेपाली समाज पुरुषप्रधान भएकाले समाजका आर्थिक, सामाजिक, सांस्कृतिक, प्रशासनिक सबै क्षेत्रमा पुरुषको बाहुल्यता रहेको देखिन्छ। पछिल्लो समयमा भने हरेक क्षेत्रमा महिलाको उपस्थिति बलियो हुँदै गएको छ। राजनीतिमा ३३ प्रतिशत महिला सहभागिताको अनिवार्य व्यवस्था गरेपछि भने सबैतिर महिलाको सक्रिय सहभागिता मात्र नभई माथिल्लो तहमा समेत पुगेका छन्। महिलाको अझै पनि कानुनबमोजिम प्रतिनिधित्व न त राजनीतिक क्षेत्रमा हुन सकेको छ, न त अन्य क्षेत्रमा नै। नेपालको संविधान, २०७२ ले स्पष्ट व्यवस्था गरेको संसद्मा समेत सो प्रतिशत पुगेको छैन। मन्त्रिपरिषद्मा पनि कम्तीमा ३३ प्रतिशत महिलाको प्रतिनिधित्व हुनुपर्ने प्रावधान रहेको देखिन्छ। तर, व्यवहारमा त्यसको प्रभावकारी कार्यान्वयन भएको छैन।

समाजमा शिक्षाको पहुँच विस्तार तथा आमनागरिकमा चेतनाको विकास भएकाले प्रशासनिक क्षेत्रमा महिलाको सहभागिता सन्तोषजनक भएको देखिन्छ। यो ज्यादै सकारात्मक र उपलब्धिमूलक पनि हो। खासगरी २०६२-०६३ को आन्दोलनपछि बनेको अन्तरिम संविधानले व्यवस्था गरेबमोजिम नै पछिल्लो संविधान, २०७२ ले पनि स्वीकार गर्दै आरक्षण तथा महिलाको दरबन्दीको व्यवस्था गरियो। जसको परिणाम आज महिलाको बलियो उपस्थिति प्रशासनिक क्षेत्रमा अब्बल देखिएको छ।

निजामती किताबखानाबाट प्राप्त पछिल्लो विवरणअनुसार हाल ४० वर्षभन्दा कम उमेरका ३२ युवा निजामती सेवाको राजपत्रांकित प्रथम श्रेणीमा कार्यरत छन्। नेपालको सुस्त बढुवा प्रणालीभन्दा बाहिरबाट खुला प्रतिस्पर्धाबाट निजामती सेवामा नीति निर्माणको तहमा पुग्न सफल भएका छन्, जसले निश्चय पनि हाम्रो सुस्त प्रशासनलाई चुस्त बनाउन सक्ने तहमा प्रत्यक्ष रूपमा सहभागी हुने भएकाले पनि आमनागरिकमा चासो र आशा पलाएको छ।

महिला सहसचिव, जो नीति निर्माणको उच्च तहमा पुग्न सफल भएका छन्, उनीहरूबाट प्रशासनिक क्षेत्रमा व्यापक सुधार हुनेमा आमनागरिक विश्वस्त देखिन्छन्, खासगरी युवावर्ग। प्रतिभावान् नौ जना महिला, उनीहरु सबै ४० वर्षभन्दा कम उमेरका छन्, तीमध्ये ६ जनाले त खुला प्रतिस्पर्धाबाट ३५ वर्षभन्दा कम उमेरमा नै यो सफलता हात पार्न सफल भएका हुन्। काठमाडौंकी सुलोचना श्रेष्ठले ३३ वर्षकै उमेरमा गत जेठमा सहसचिवमा नाम निकालेकी हुन्। २०७० सालमा शाखा अधिकृतबाट सेवा प्रवेश गरेकी उनी २०७५ असारमा उपसचिव बनेकी थिइन्। यसको चार वर्षपछि सहसचिवको परीक्षा पनि उत्तीर्ण गरिन्।

चितवनकी जानुका पण्डितले २०७३ मा खुला प्रतिस्पर्धाबाट सहसचिवमा नाम निकालेकी हुन्। त्यतिखेर उनी ३४ वर्षकी मात्र थिइन्। उनी २०६६ मा शाखा अधिकृतबाट निजामती सेवामा प्रवेश गरेकी हुन्। त्यसैगरी झापाकी रेखा दास ३५ वर्षमा सहसचिव बनिन्। उनी २०७४ मा अधिकृतबाट निजामती सेवामा प्रवेश गरेकी थिइन्। २०७८ कात्तिकमा सहसचिवमा नाम निकालिन्। पर्वतकी सुशीला अर्याल २०६६ मा शाखा अधिकृतबाट सेवामा प्रवेश गरेकी थिइन्। उनी २०७१ मा खुला प्रतिस्पर्धाबाट उपसचिव भएकी थिइन्।

संखुवासभाकी अनिता निरौला पनि ३६ वर्षकै उमेरमा सहसचिव बन्न सफल भइन्। उनप् २०७७ मा खुला प्रतिस्पर्धाबाट सहसचिवमा नाम निकाल्न सफल भएकी हुन्। उनी २०६३ मा शाखा अधिकृत भएकी र २०७० मा उपसचिव भएकी थिइन्। त्यसैगरी काठमाडौंकी अरुणा जोशी र झापाकी बबिता मिश्र पनि ४० वर्षभन्दा कम उमेरमा नै सहसचिव बन्न सफल भएका हुन्। २०५९ मा शाखा अधिकृतबाट सेवामा प्रवेश गरेकी जोशी २०७४ मा उपसचिव हुँदै २०७८ फागुनमा खुला प्रतिस्पर्धाबाट सहसचिव बनेकी हुन्, त्यसबेला उनी ३७ वर्षकी थिइन्। त्यस्तै सहसचिवमा नाम निकाल्दा मिश्र ३९ वर्षकी थिइन्। २०६६ मा शाखा अधिकृतबाट सेवा प्रवेश गरेकी मिश्र २०७२ मा उपचिवको परीक्षामा पनि सफल भइन्। २०७८ असोजमा लोकसेवाको परीक्षा पास गरेर सहसचिवको नियुक्ति लिन सफल भएकी हुन्।

आजको सर्वत्र निराशाजनक अवस्थामा देशको प्रशासनिक क्षेत्रको उच्च तहमा महिलाको बलियो उपस्थितिले आमनागरिकमा आशाको सञ्चार गराएको देखिन्छ। यो सुखद पक्ष पनि हो। नेपालको इतिहासमा पहिलो महिला प्रमुख जिल्ला अधिकारी दुर्गा बन्जाडे हुन्। उनी जुम्ला जिल्लामा सन् २०१९ मार्च २ मा सो पदमा आसीन भएकी थिइन् भने दलित महिलाबाट पहिलो प्रमुख जिल्ला अधिकारी हुने सौभाग्य भने सीता परियारले प्राप्त गरेकी छिन्। कास्की जिल्लाको भोर्लेमा जन्मेकी उनले समाजशास्त्रमा स्नातकोत्तर उत्तीर्ण गरेकी छिन्। उनलाई सामाजिक न्यायको क्षेत्रमा काम गर्न बढी रुचि जाग्ने गरेको बताउँछिन्।

नेपाली समाजमा उच्च तहमा पुग्न सफल युवा एकजुट भएर सुस्त बनेको र झन्झटिलो तथा प्रक्रियामुखी प्रशासनलाई छिटो, छरितो र पारदर्शी बनाउनका लागि ज्यादा सचेत हुनु जरुरी देखिन्छ। पछिल्लो विवरणअनुसार निजामती सेवामा ८८ हजार ५ सय ७८ कर्मचारी कार्यरत छन्। तीमध्ये दलित समुदायबाट ०.२ प्रतिशतले मात्र प्रतिनिधत्व गर्छन्। त्यसैगरी प्रहरी क्षेत्रमा जम्मा कर्मचारीको ९.४५ र सेनामा ८.१४ प्रतिशत मात्र रहेको देखिन्छ। यसैगरी नेपाल प्रहरीको सेवामा उच्च तहमा पुग्न सफल पहिलो महिला पूजा सिंह हुन्। उनी गैरप्राविधिक क्षेत्रबाट प्रतिनिधित्व गर्ने प्रथम व्यक्ति बन्न सफल भएकी हुन्। सामान्य प्रशासनबाट आउँदा दैनिक कार्य तथा विभिन्न नीतिगत कार्य गर्न सकिने हुँदा यो ज्यादा महत्वको रहने गरेको देखिन्छ। यसैगरी प्राविधिक तर्फबाट भने डाक्टर आशा सिंह पहिलो महिला उच्च अधिकारी हुन्।

सेनामा महिला प्रतिनिधित्व गर्नेहरूको संख्या ३ हजार ७ सय ५८ छ, जसमध्ये ९ सय ७ जना प्राविधिक क्षेत्रमा कार्यरत छन्। सामान्य प्रशासनको क्षेत्रमा भने १ सय ८३ जनाले प्रतिनिधित्व गरेको अवस्था छ। यीमध्ये २ सय १४ जना जुनियर कमिसनमा र उच्च तहमा भने तीन जना मात्र कार्यरत छन्, जो ब्रिगेडियर पदमा रहेका छन्। यसैगरी ७४ जना महिला मेजर पदमा कार्यरत छन्। यसरी देशका विविध क्षेत्रमा महिलाको प्रतिनिधित्व वृद्धि हुँदै जानु हरेक दृष्टिले सकारात्मक रहेको छ। समाजमा रहेका मान्यता तथा संस्कृति अनि सोचका कारण अझै पनि पर्याप्त मात्रामा महिलाको प्रशासनिक क्षेत्रमा प्रतिनिधित्व हुन सकेको छैन।

कतिपय कार्यालय, जहाँ महिला प्रमुख छन्, त्यस कार्यालयको कार्यक्षमता उच्च रहेको र पारदर्शिता, काममा चुस्तताजस्ता प्रशानिक सबलता प्रस्ट देखिन्छ, जुन आमनागरिकले खोजेको महत्वपूर्ण पक्ष पनि हो। महिला प्रमुख भएका कार्यालयमा भ्रष्टाचार कम हुने, मितव्ययिता अपनाउने, सेवाग्राहीको काम छिटोछरितो रूपले सम्पादन गर्ने गरेको दृष्टान्त प्रशस्त पाइन्छन्। बैंक, विद्यालय, विश्वविद्यालय, सरकारी कार्यालय जहाँसुकै किन नहोस्, महिला प्रमुख भएको संस्थामा प्रशासनिक सबलता उच्च मात्रामा रहेको पाइन्छ। शिक्षाको पहुँच बढेको, मानवमा सचेतना बढेको, संविधानले समेत सहजता थपिदिएको जस्ता कारणले सबै क्षेत्रमा महिलाको प्रतिनिधित्व बढेर गएको छ, यो बडो सुखद पक्ष हो।

*(स्रोतः कारोबारदैनिक)*

# बालबालिका रिसाउँदा कसरी फकाउने ?



डा. विजय ज्ञवाली, मनोचिकित्सक

बालबालिकाहरु प्रायः रिसाइरहेका हुन्छन्, जुन सामान्य पनि हो। उनीहरुले रिसमार्फत नै आफूभित्रको भावना व्यक्त गर्ने गर्छन्। जुन कुरा उनीहरुले खुलेर भन्न सकेका हुँदैनन्, त्यसलाई रिसमार्फत प्रकट गर्छन्।

सामान्यतया आफूलाई केही सामान चाहिएमा, दुःख वा पीडा भएमा, मन लागेको चीज खान नपाएमा बालबालिका रिसाउँछन्। रिस उठ्दा उनीहरु रुने, कराउने, हातपात गर्ने, अग्लो ठाउँबाट हामफाल्ने जस्ता क्रियाकलाप गर्न पुग्छन्। जसलाई मेडिकल भाषामा यसलाई ट्यान्ट्रोम पनि भनिन्छ। तर यो सामान्य नै हो।

बालबालिकाले यसरी नै आफ्नो कुरा राख्न र व्यवहार गर्न सिकेका हुन्छन्। तर उमेर बढ्दै जाँदा पनि यस्तै व्यवहार जस्तै झनक्क रिसाउने, चित्त नबुझे जसलाई पिटिहाल्ने छ भने यसलाई अस्वस्थ व्यवहार भनिन्छ। यी लक्षण सामान्य नभई मानसिक रोगको कारणले पनि हुन सक्छ।

### उमेर बढ्दै जाँदा पनि किन रिसाइरहन्छन् बालबालिका ?

बालबालिका धेरै कारणले रिसाउने गर्छन्। त्यसमा मानसिक स्वास्थ्य पनि एक कारण हो। एटेन्सन डेफिसिट हाइपरएक्टिभिटी डिसअर्डर (एडीएचडी) कारणले पनि बालबालिका रिसाउने गर्छन्। यसका लक्षणहरूमा ध्यानकेन्द्रित गर्न नसक्ने, आवगेमा आउने, छिट्टै निर्णय लिने, कुरा दोहोऱ्याइरहने हुन्छ।

सेपेरेसन एन्जाइटीका कारण पनि बालबालिका रिसाउँछन्। जस्तै, स्कुलबाट घर फर्किने बेलामा रिसाउने, झर्किने, चिट्चिट हुने यसको लक्षण हो। आफ्ना आमाबुबासँग बिहान छुटेका उनीहरु स्कुल छुट्टी भएपछि भेट्न पाउने भएकाले उत्साहित हुन्छन्। त्यो उत्साह व्यक्त गर्न नजानेर उनीहरु रिसाउने, झर्किने गर्छन्।

पारिवारिक कलह, झैझगडा, आफ्नो इच्छा पूरा नहुँदा र स्कुलमा भएको बुलिङका कारण पनि उनीहरु आफ्नो भावना प्रष्टसँग बुझाउन नसक्दा रिसाउँछन्।

### बालबालिकालाई फकाउने तरिका के त ?

प्रायः बालबालिकामा स-साना कुरामा पनि रिसाउने, मन दुखाउने बानी हुन्छ। यस्तो बेलामा उनीहरुलाई गाली गर्ने, कुट्ने र हपार्ने गर्नुहुँदैन। यसले उनीहरूमा मानसिक रुपमा नराम्रो असर पार्न सक्छ। बरु धेरै रिसाउँछन् भने उनीहरूको भावना बुझ्ने प्रयास गर्नुपर्छ।

....बाँकी पृष्ठ ३ मा

## ०.४९ प्रतिशत ब्याजदरमै राष्ट्र बैंकमा निक्षेप राख्दै बैंक

# शुक्रबार २५ अर्ब तरलता खिच्ने




काठमाडौंः बैंकिङ प्रणालीमा अधिक तरलता भए पनि बैंकहरु ०.४९ प्रतिशत ब्याजदरमा नै राष्ट्र बैंकमा निक्षेप राख्न तयार भएका छन् । बुधबार र बिहीबार लगातार दुई दिन निक्षेप संकलन उपकरण मार्फत ३५ अर्ब रुपैयाँ तरलता खिचिसकेको केन्द्रीय बैंकले शुक्रबार पनि थप २५ अर्ब तरलता खिच्ने भएको छ ।

बिहीबार राष्ट्र बैंकले बैंकिङ प्रणालीमा रहेको अधिक तरलता खिच्न २५ अर्ब रुपैयाँको निक्षेप संकलन उपकरण बोलकबोल गरेको थियो । जसमा बैंकहरुले ०.४९ प्रतिशत ब्याजदरमै निक्षेप राख्न प्रस्ताव पेश गरेका छन् । २५ अर्बको निक्षेप संकलन उपकरणमा बैंकहरुले ६४ वटा प्रस्ताव पेश गर्दै ४६ अर्ब ७० करोडको लागि आवेदन दिएका हुन् । जसमा न्यूनतम ०.४९ प्रतिशत ब्याजदर र अधिकतम १ प्रतिशत ब्याजदरको प्रस्ताव गर्दा ०.८३४९ प्रतिशत औसत ब्याजदर कायम भएको नेपाल राष्ट्र बैंकले जनाएको छ ।

बुधबार १० अर्बको निक्षेप संकलन उपकरण बोलकबोल गर्दा औसत ब्याजदर ०.७०४८ प्रतिशत कायम भएको थियो । जसमा बैंकहरुले अधिकतम ब्याजदर ०.८४९९ प्रतिशत र न्यूनतम ब्याजदर ०.५८९७ प्रतिशत प्रस्ताव गरेका थिए । बुधबारको भन्दा बिहीबार औसत ब्याजदर केही बढे पनि न्यूनतम ब्याजदर भने घटेको छ । १० अर्बको निक्षेप संकलन उपकरण बोलकबोल हुँदा ३७ वटा आवेदनमा ३६ अर्ब ९५ करोडको प्रस्ताव परेको थियो ।

मंसिर लागेपछि मात्रै राष्ट्र बैंकले ८० अर्ब तरलता बैंकिङ प्रणालीबाट खिचेको छ । अहिले पनि बैंकिङ प्रणालीबाट खिचेको ४५ अर्ब तरलता राष्ट्र बैंकसँग रहेको छ । २१ मंसिर आज पनि १० अर्बको निक्षेप संकलन उपकरणमा म्याद सकिएपछि १४ दिनको लागि २५ अर्ब तरलता खिचेको हो । १७ मंसिरमा खिचेको १० अर्ब तरलताको अवधिक २४ मंसिरमा सकिँदैछ । त्यसअघि २२ मंसिरमा केन्द्रीय बैंकले थप २५ अर्ब तरलता निक्षेप संकलन उपकरण बोलकबोल मार्फत खिच्न लागेको हो । शुक्रबार १४ दिनका उक्त तरलता खिच्न लागेको हो ।

आर्थिक वर्ष २०७८-७९ मा चरम तरलता अभाव झेलेका बैंकहरुले गत आर्थिक वर्ष २०७९-८० को पहिलो र दोस्रो त्रैमाससम्म राष्ट्र बैंकबाट तरलता सुविधा उपयोग गरिरहेका थिए । तर गत आर्थिक वर्षको निक्षेपको तुलनामा कर्जा विस्तार ज्यादै न्यून भएको र चालु आर्थिक वर्षमा पनि हालसम्म निक्षेपमा भएको वृद्धि भन्दा कर्जा विस्तार न्यून देखिन्छ । चालु आर्थिक वर्ष लागेपछि १५ मंसिरसम्म निक्षेप २ खर्ब ९ अर्बले विस्तार हुँदा कर्जा भने १ खर्ब २५ अर्ब मात्रै विस्तार भएको राष्ट्र बैंकले जनाएको छ । निक्षेपको तुलनामा कर्जा विस्तार न्यून हुँदा सरकारले १ खर्ब भन्दा बढी आन्तरिक ऋण परिचालन गरिसक्दा समेत बैंकिङ प्रणालीमा अधिक तरलता छ ।

राष्ट्र बैंकको २० मंसिरसम्मको तथ्यांक अनुसार बैंक तथा वित्तीय संस्थाको भारित औसत अन्तर बैंक ब्याजदर १.०३ प्रतिशतमा झरेको छ । नेपाल राष्ट्र बैंकले चालु आर्थिक वर्षको मौद्रिक नीतिमा भारित औसत अन्तरबैंक ब्याजदर ब्याजदर करिडोर अन्तर्गतको निक्षेप संकलन दर भन्दा तल गएमा स्थायी निक्षेप संकलन सुविधा उपलब्ध गराउने बताएको थियो । तर बैंकिङ प्रणालीमा अधिक तरलता भएर दिनदिनै निक्षेप संकलन उपकरण बोलकबोल गर्दा समेत उक्त व्यवस्था भने कार्यान्वयन गरेको छैन । *स्रोतः अनलाइनखबर ।*

# नेपाल शिक्षक संगठनको प्रदेश अधिवेशन आजबाट

समाज संवाददाता

हेटौंडाः नेपाल राष्ट्रिय शिक्षक संगठनको ऐतिहासिक प्रथम अधिवेशन आज शुक्रबारबाट हेटौंडामा सुरु हुँदैछ । बिहीबार हेटौंडामा पत्रकार सम्मलेलनको आयोजना गर्दै शिक्षक संगठन बागमती प्रदेश समितिले अधिवेशनबारे जानकारी गराएको हो ।

अधिवेशनको शुक्रबार संगठनका राष्ट्रिय समिति अध्यक्ष विष्णु भण्डारीले उद्घाटन गर्नुहुनेछ । अविधेशन हेटौंडा-४ स्थित रोयल प्यालेसमा बिहान ११ बजे सुरु हुनेछ । शनिबारसम्म चल्ने अधिवेशनमा प्रदेशभित्रका १३ जिल्लाका करिब ६ सय जना प्रतिनिधि सहभागी हुने संगठनका बागमती प्रदेश समिति अध्यक्ष नीरबहादुर कार्कीले बताउनुभयो ।

अधिवेशनबाट ३५ सदस्यीय बागमती प्रदेश समिति र तीन जना केन्द्रीय प्रतिनिधि निर्वाचित हुने अध्यक्ष कार्कीले बताउनुभयो । प्रदेश कार्यसमिति सकेसम्म सर्वसम्मत चयन हुने र त्यो सम्भव नभएमा निर्वाचन प्रणालीबाट चयन गरिने जनाइएको छ ।

२०३६ सालमा हेटौंडा-४ स्थित भूटनदेवी माविबाट सुरु भएको संगठनले अहिले गौरवपूर्ण इतिहास बोकेको अध्यक्ष कार्कीको भनाइ छ । त्यसैले प्रदेश अधिवेशन मकवानपुर जिल्लामा आयोजना गरिएको उहाँले बताउनुभयो । शिक्षक संगठन देशकै पेशागत आन्दोलनको पहिलो र अग्रणी संस्था भएको उहाँले बताउनुभयो ।

संगठनले विधि विधान र पद्धतिको मुल जरा टेकेर संस्थागत सक्षमतालाई समेत हासिल गर्दै आएको उहाँले बताउनुभयो । संगठनले शैक्षिक सुधारसँगै शिक्षकहरुको नेतृत्व विकास गर्दै आएको उहाँको भनाइ छ । पत्रकार सम्मलेनमा संगठनका प्रदेश समितिका पदाधिकारी र मकवानपुर जिल्ला अध्यक्ष श्रीराम दाहालगायतको उपस्थिति रहेको थियो ।

## *बालबालिका रिसाउँदा...*

प्यारेन्ट म्यानेजमेन्ट टेक्निक (पीएमटी) लागू गरेर बालबालिकालाई फकाउन सकिन्छ ।

सुरुमा उनीहरुलाई भावना प्रस्तुत गर्ने तरिका सिकाउने गर्नुपर्छ । रिस उठ्दा के कुरामा रिस उठेको हो लेखेर भन, रिस उठ्दा रातो कार्ड देखाउने, दुवै हात बाँधेर बस्ने नियम तयार पार्न सकिन्छ ।

कुनै चीज मन पर्दैन भने रिस नदेखाइकन, लामो श्वास फेर्ने, आँखा चिम्म गर्ने, गीत गाउने गराउन सकिन्छ । जसले उनीहरुको रिस कम हुन मद्दत गर्छ ।

उनीहरुलाई फकाउने भाषामा परिवर्तन ल्याउन सकिन्छ । जस्तै, रिसाएको छ भने किन रिसाएको, होमवर्क गर्‍यो कि गरेन ?, स्कुल जाने बेला भएन ? यसरी सोध्दा उनीहरु झन् रिसाउन सक्छन् । यसको साटो फरक किसिमको भाषाशैली प्रयोग गर्ने जस्तै बालबालिकालाई ‘आज म रिसाउँछु तिमी मलाई फकाउन ल’ भन्न सकिन्छ । यसले रिसाउँदा यसरी फकाउने रहेछ भनेर सिक्छ । रिस पनि कम हुन्छ ।

त्यस्तै घरभित्र वा घरबाहिर खेल्न, घुमाउन लैजान सकिन्छ । जस्तै, बालुवामा खेल्न लगाउने, फुटबल खेल्ने, दौडाउने इत्यादि गराउन सकिन्छ । जसले उनीहरुको रिसाउने इनर्जी ‘रिलिज’ गर्न मद्दत गर्छ ।

*(स्रोतः अनलाईनखबर)*

**समृद्ध समाज राष्ट्रिय दैनिक**
www.samriddhasamaj.com.np




## मकवानपुर उद्योग वाणिज्य संघको

### वेभसाईट निर्माणको लागि कोटेशन आव्हान

**मकवानपुर उद्योग वाणिज्य संघको लागि नया् वेभसाईट आवश्यक भएकाले वेभसाईट निर्माण गर्ने ईच्छुक फर्म वा कम्पनीले २०८० मंसिर २८ गतेसम्ममा संघमा सम्पर्क राखी रु. ३००/- (अक्षरेपि रु. तीनसय मात्र) मा फारम खरिद गरी सोही मितिभित्र कार्यालय समयमा आफ्नो दररेट संघमा पेश गर्नु हुन सूचित गरिन्छ । कम वा बढी दररेट पेश गर्ने फर्म वा कम्पनीलाई दिने वा नदिने अधिकार संघमा निहित रहनेछ ।**

**मकवानपुर उद्योग वाणिज्य संघ**
**हेटौंडा, मकवानपुर**
**०५७५२०३१०/५२३३१०**

# मकवानपुर बाल विद्या सदन

**हेटौंडा-१८, खड्कुले**

# विद्यार्थी परिचय


**सुप्रिया लामा लो**

कक्षा नर्सरीदेखि नै यस विद्यालयमा अध्ययनरत सुप्रिया लामा लो ८ वर्षको हुनु भयो । सुप्रिया हेटौंडा-१८, एक्लेखेतमा बस्नु हुन्छ । हाल कक्षा २ मा अध्ययनरत वहाँको खास बसोबास चैं मकवानपुरगढी गाउँपालिका-१, रानीसेरा हो । वहाँ अत्यन्तै अनुशासित, जेहेन्दार, आज्ञाकारी हुनुका साथै सबैको प्रिय पनि हुनुहुन्छ । कक्षाका सबै क्रियाकलापमा सक्रिय सहभागी हुने, कुनैपनि कुरालाई सोचेर तर्कपूर्ण उत्तर दिने, साथीहरूसँग मिल्ने वहाँको राम्रो बानी हो । पढाईमा पनि अव्वल सुप्रियाले हस्तलेखनमा भने सुधार गरिदिए हुन्थ्यो भन्यो वहाँको आमालाई लाग्ने गरेको छ ।

पुस्तकालयको नियमित प्रयोग गर्नु तथा पाठ्यपुस्तक बाहेकका पुस्तक पढ्नु वहाँको रुचि हो । हाल वहाँ “द जंगल बुक” नामको पुस्तक पढ्दै हुनुहुन्छ । आफ्ना अभिभावकलाई आफुले पढेका कथा सुनाउन पनि वहाँ मन पराउनु हुन्छ । व्यक्तिगत सरसफाई र विद्यालय पोशाक पहिरनमा समेत वहाँ विशेष ख्याल राख्नुहुन्छ । वहाँ घरमा पनि बाबा आमाले भन्नुभएको कुरा मान्नुहुन्छ । आफुले सक्ने र जानेका काममा सघाउनु पनि हुन्छ । करेसाबारीमा गोडमेलका सजिला काम, आफ्ना र भाइका लुगा धुने काम तथा भान्सामा आमालाई सघाउने काम पनि वहाँ गर्नुहुन्छ । वहाँको अभिभावकले वहाँलाई खेल्नका लागि समेत पर्याप्त समय दिने गर्नुभएको छ । आफ्नो काका डाक्टर हुनुभएको देख्दा कहिलेकाहीँ डाक्टर बनौं जस्तो लाग्ने वहाँलाई मोबाइलमा गीत सुन्दै गर्दा गायकको बनौं कि भन्ने पनि लाग्ने गर्छ ।

अङ्ग्रेजी वहाँको मनपर्ने विषय हो । सानै उमेरमा सुप्रियामा आएको सकारात्मक परिवर्तनमा अभिभावकको भूमिका महत्वपूर्ण रहेको शिक्षक ननिता दंगालको बुझाई छ । वहाँका अभिभावकले घरमा भयरहित सिकाईको वातावरण बनाईदिनु, बच्चाको समस्या बुझ्ने कोशिश गर्नु, दैनिक रुपमा सिकेका कुराहरुको विषयमा अन्तरक्रिया गर्नु, पर्याप्त खेल्ने समय दिनु जस्ता सकारात्मक अभ्यास गर्दै आउनु भएको छ ।

यति हुँदाहुँदै पनि सुप्रियाले अनावश्यक विषयमा लाज मान्ने स्वभाव भने सुधार गरिदिए हुन्थ्यो भन्ने वहाँको बाबालाई लाग्ने गरेको छ । विद्यालयले पनि विभिन्न क्रियाकलाप मार्फत वहाँको त्यो स्वभावमा परिवर्तन ल्याउने प्रयास थालिसकेको छ । हिजोआज कथा भन्ने, पुस्तक समिक्षामा सहभागी गराउने, मञ्च तथा कक्षा कोठा मै छोटो प्रस्तुति दिने समेत गर्न थाल्नु भएको छ । सुप्रियामा आएको यो सकारात्मक परिवर्तनले हामी सबैलाई हर्षित तुल्याएको छ । विद्यालय परिवारको तर्फबाट वहाँको उज्ज्वल शैक्षिक भविष्यको समेत कामना गर्न चाहन्छौं ।

Government of Nepal
Ministry of Agriculture and Livestock Development
Department of Food Technology and Quality Control
**Food Technology and Quality Control Office**
**Hetauda, Makawanpur**

## Invitation for Sealed Quotation

**Invitation for sealed quotation for the procurement of Laboratory Equipments**

*Sealed Quotation No. FTQCOH/SQ/01/080/81*
*Date of First Publication: 2080-08-22*

1. The Food Technology and Quality Control Office, Hetauda invites sealed quotations from registered supplier's for the supply, delivery and installation of following laboratory equipments.

| Sealed Quotation No. | Description | Bid security | Remarks |
|---|---|---|---|
| FTQCOH/SQ/01/080/81 | Procurement of 6 Hole Heating mantle -2 sets, Hot plate-2 sets, Water bath-1 set, Digital Analytical Balance-2 sets, Double distillation unit-1 set, Gerber Centrifuge-1 set, Refrigerator-1 set, Autoclave-1 set, Ultrasonic Bath Sonicator-1 set, UV chamber-1 set, Sample Disintegrator-1 set) | 30,000/- | All others not mentioned in the description will be as per approved technical specifications |

2. Eligible bidders may obtain further information and inspect the Bidding Documents at the Food Technology and Quality Control Office, Hetauda (Contact no. 057-412819).
3. A complete set of Bidding Documents may be purchased from Food Technology and Quality Control Office, Hetauda on the submission of a written application, along with the copy of company/form registration certificate and upon payment of a non-refundable fee of Rs.1,000/- till 2080-09-11 during office hours.
4. Sealed bids must be submitted to the Food Technology and Quality Control Office, Hetauda on or before 4:00 pm on 11th Poush, 2080. Bids received after the deadline will be rejected.
5. The bids will be opened in the presence of Bidder's representatives who choose to attend at 01:00 pm on 12th Poush, 2080 at the office of Food Technology and Quality Control Office, Hetauda. Bids must be valid for the period of 45 days after bid opening and must be accompanied by a bid security as shown in above table; in any of the following forms:
(a) an unconditional bank guarantee from Commercial Bank or Financial Institution eligible to issue Bank Guarantee as per prevailing Law or;
(b) a cash deposit voucher in the Purchaser's Account as specified in the BDS under following bank details which shall be valid for 30 days beyond the validity period of the bid.
**Name of the Bank: Nepal Bank Limited, Hetauda**
**Name of the Office: Food Technology and Quality Control Office, Hetauda**
**Office Code No: 312033201**
**Account Name: KA 2.3- KO LE NI KA MAKAWANPUR DHARAU**
**Account No: 02501000002003000001**
6. If the last submission falls on the government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain as same as specified for the original last date of bid submission.
7. The purchaser reserves the right to accept or reject, wholly or partly any or all of the sealed quotations without assigning any reason, whatsoever.
8. Except the mentioned clauses all other conditions of the bidding process must follow the Public Procurement Act, 2063 and Public Procurement Regulation, 2064.

# हेटौंडा अस्पतालमा २८ जना बिरामी भर्ना



समाज संवाददाता

हेटौंडाः हेटौंडा अस्पतालमा बिहीबार २८ जना बिरामी भर्ना भएका छन् । अस्पतालको विभिन्न विभाग तथा वार्डमा बिहीबार २८ जना बिरामी उपचारका लागि भर्ना भएका हुन् ।

हेटौंडा अस्पतालको जनरल वार्डमा बिहीबार ७ जना भर्ना भएका छन् । जनरल वार्डबाट बिहीबार ३ जना डिस्चार्ज भएको जनरल वार्डकी इन्चार्ज सपना यादवले जानकारी दिनुभयो । डिस्चार्ज हुनेमा एकजना महिला र २ जना पुरुष रहेका छन् ।

यादवका अनुसार वार्डमा अहिले धेरै दम, तीव्र ग्यास्ट्रोएन्टेराइटिस र पखालाका बिरामी रहेका छन् । यस्तै, सर्जरी वार्डमा बिहीबार ८ जना भर्ना भएका छन् । भर्ना हुनेमा आठै जना महिला रहेका छन् भने ३ जना पुरुष डिस्चार्ज भएको वार्डकी इन्चार्ज सविना रेग्मीले जानकारी दिनुभयो । रेगमीका अनुसार अहिले वार्डमा धेरै परिशिष्टका बिरामी रहेका छन् ।

अस्पतालको क्याबिनबाट बिहीबार एकजना डिस्चार्ज भएका छन् । डिस्चार्ज हुनेमा एक जना महिला रहेको क्याबिनकी स्टाफ नर्स रिमशा पौडेलले बताउनुभयो । अहिले क्याबिनमा स्त्री रोग सम्बन्धी र अर्थोपेडिकका दुई जना बिरामी रहेका छन् ।

अस्पतालको आइसीयुमा ११ जना बिरामी रहेका छन् । आइसीयु विभागमा बिहीबार ६ पुरुष र ५ महिला रहेको विभागका गार्ड मदन प्रजाले बताउनुभयो । पछिल्ला दिनहरुमा अस्पतालमा उपचारका लागि आउने बिरामी बढ्दै गएका छन् । अस्पतालको हरेक विभागमा बिरामीको चाप बढेको छ ।

# शिक्षकलाई बुद्धिचाल प्रशिक्षण दिइने

समाज संवाददाता

हेटौंडाः नेपाल बुद्धिचाल महासंघको आयोजना तथा बागमती प्रदेश प्याब्सनको संयुक्त आयोजनामा शिक्षकलाई बुद्धिचाल प्रशिक्षण दिइने भएको छ । महासंघ र प्रदेश प्याब्सनबीच शिक्षामा बुद्धिचाल विषयमा भएको सम्झौताअन्तर्गत् पहिलो चरणमा शुक्रबार र शनिबार प्रशिक्षण कार्यक्रमको आयोजना गर्न लागेको बुद्धिचाल महासंघका केन्द्रीय सदस्य निरञ्जन प्रजापतिले जानकारी दिनुभएको हो ।

प्रशिक्षक प्रशिक्षण कार्यक्रमअन्तर्गत् शुक्रबार र शनिबार हेटौंडा, धादिङ र सिन्धुपाल्चोकका विद्यालयका शिक्षकहरुलाई प्रशिक्षण दिइने केन्द्रीय सदस्य प्रजापतिले बताउनुभयो । हेटौंडामा ८० जना, धादिङमा ५० जना र सिन्धुपाल्चोकमा ३० जना शिक्षकहरुको सहभागिता हुने उहाँले बताउनुभयो ।

सबै विद्यालयका शिक्षकहरुलाई बुद्धिचालसम्बन्धी तालिम दिएर विद्यायलस्तरमा बुद्धिचालका खेलाडी उत्पादन गराउने, लुकेको खेलाडीहरुको प्रतिभालाई जगाउने र बुद्धिचालको विकास गर्ने उद्देश्यले तालिम सञ्चालन गर्न लागेको उहाँले बताउनुभयो । दुर्गम सोचका साथ बुद्धिचालका प्रतिभा बढाउका लागि तालिमको आयोजन गर्न लागिएको हो ।

विगतका दिनहरुमा सिमित विद्यालयमा मात्र बुद्धिचाल खेलप्रति रुचि देखिएकाले कार्यक्रममार्फत् अझ थप विद्यालयमा बुद्धिचाल खेलप्रतिको रुचि विकास हुने विश्वासका साथ तालिम गर्न लागिएको हो । आउँदो चैत महिनामा सबै विद्यालयमा बुद्धिचालको आन्तरिक प्रतियोगिता गराएर उत्कृष्ट ५ जना विद्यार्थीहरुलाई सबै सुविधा निःशुल्क पाउने गरी १ वर्षको छात्रवृत्तिको व्यवस्था गरिने उहाँले बताउनुभयो ।

# पुस पहिलो हप्तासम्म हेटौंडामा राष्ट्रपति रनिङशिल्ड गरिने

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिकामा पुस महिनाको पहिलो हप्तासम्म पालिकास्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता आयोजना गरिने भएको छ । मकवानपुर जिल्ला खेलकुद विकास समितिसँग प्रतियोगिता सञ्चालनसम्बन्धी भइरहेको समन्वयअनुसार पुस महिनाको पहिलो हप्तासम्म पालिकास्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता आयोजना गर्न लागेको हेटौंडा उपमहानगरपालिकाका सम्पत्ति व्यवस्थापन तथा खरिद शाखा प्रमुख बसन्त सिटौलाले जानकारी दिनुभएको हो ।

बागमती प्रदेश खेलकुद विकास परिषद्ले मंसिर मसान्तभित्र राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सम्पन्न गर्नुपर्ने निर्देशन दिए पनि नगर खेलकुद विकास समितिको अध्यक्ष नभएकाले प्रतियोगिता सञ्चालनमा ढिलाई भएको बताइएको छ । प्रतियोगिता सञ्चालनका लागि थोरै बजेट बिनियोजन भएकोले सरकारी संस्थासँग बजेटको विषयमा समन्वय गरी पुसको पहिलो हप्तासम्म प्रतियोगिता सञ्चालन गर्न लागेको सिटौलाले जानकारी दिनुभएको हो ।

पालिकास्तरीय प्रतियोगितामा १२ वर्षदेखि १८ वर्षसम्मका कक्षा १२ सम्मका महिला तथा पुरुषहरुले सहभागिता जनाउन पाउने उहाँले बताउनुभयो । विस. २०७६ सालको कार्यविधिबमोजिम हरेक वर्ष पालिकास्तरीय प्रतियोगिता हुने गरेको छ ।

पालिकास्तरीय प्रतियोगिताअन्तर्गत् भलिबल, उसु, तेक्वान्दो, एथ्लेटिक्स, कराँते आइटीएफ तेक्वान्दोलगायतका खेलहरु हुनेछ । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेहरुले स्वर्ण, रजत र कास्य पदकसहित प्रमाणपत्र प्राप्त गर्नेछन् ।

पालिकास्तरीय प्रतियोगितामा सहभागी भएका खेलाडीहरुमध्ये उत्कृष्ट खेलाडी छनोट गरी जिल्लास्तरीय प्रतियोगितामा समावेश गराउने गरिएको छ । जिल्लास्तरीय प्रतियोगितामा उत्कृष्ट भएका खेलाडीहरुलाई प्रदेशस्तरीय प्रतियोगितामा र प्रदेशबाट राष्ट्रियस्तरमा पुऱ्याउने गरेको उहाँले बताउनुभयो ।

मकवानपुरको बकैया गाउँपालिकामा यही मंसिर २६ देखि २८ गतेसम्म पालिकास्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता हुनेछ ।

# चितवनमा आत्मदाहको प्रयास

समाज संवाददाता

हेटौंडाः चितवन जिल्लाको रत्ननगर नगरपालिका-८ बाघमारामा एक जना महिलाले आत्मदाहको प्रयास गरेकी छिन् । ४१ वर्षीया बिनिमाया कुमालले आत्मदाहको प्रयास गरेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

बुधबार दिउँसो १ बजेर १५ मिनेटको समयमा आफैले शरीरमा आगो लगाई आत्मदाह प्रयास गरेकी कुमाललाई उपचारका लागि जिल्ला अस्पताल भरतपुर लगिएको प्रहरीले जानकारी दिएको छ । कुमालको अवस्था अहिले मध्यम रहेको छ । कुमाल प्यारलाईसिस र मानसिक बिरामी रहेको प्रहरीले जानकारी दिएको छ ।

# लागुऔषधसहित तितुङ पक्राउ

समाज संवाददाता

हेटौंडाः चितवन जिल्लाको भरतपुर महानगरपालिका-२४ पर्वतचोकमा प्रहरीले लागुऔषधसहित एकजनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा २७ वर्षीय बुद्ध तितुङ रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

प्रहरी टोलीले बुधबार तितङको घरमा तलासी गर्दा लागुऔषध गाँजा ५ सय ग्राम, लागुऔषध ट्रमाडोल ५ सय ७० पिस, प्रोमिथ ब्लु १ सय २० पिस र प्रोमिथ रेड ६ सय १० पिस फेला पारेको थियो । लागुऔषधसहित तितुङलाई नियन्त्रणमा लिई थप अनुसान्धाका लागि जिल्ला प्रहरी कार्यालय चितवन लगिएको प्रहरीले जानकारी दिएको छ ।

# बाख्रापालक महासंघ मकवानपुरमा अधिकारी

समाज संवाददाता

हेटौंडाः नेपाल व्यावसायिक बाखापालक महासंघ मकवानपुरको अध्यक्षमा बद्री प्रसाद अधिकारी चयन हुनुभएको छ । बिहीबार हेटौंडामा भएको आठौं साधारणसभा तथा चौथो जिल्ला अधिवेशनबाट अधिकारी सर्वसम्मत अध्यक्षमा चयन हुनुभएको हो ।

अधिकारीको अध्यक्षतामा १३ सदस्यीय नयाँ कार्यसमिति चयन भएको हो । समितिको उपाध्यक्षमा उसमान वाईबा, सचिवमा विशाल ब्लोन, सह-सचिवमा चिनिमाया राना र कोषाध्यक्षमा भीम प्रसाद घिमिरे चयन हुनुभएको छ । यस्तै, सदस्यहरुमा सालिक राम सापकोटा, इन्द्र लाल थिङ, सविन बास्ताकोटी, राधिका घिमिरे, राज कुमार गोम्बा, आइत सिं थिङ र प्रल्हाद पाखिन चयन हुनुभएको छ । नयाँ कार्यसमितिको कार्यकाल २ वर्षको हुनेछ ।

# इन्द्रसरोवरमा राष्ट्रपति रनिङशिल्ड सुरु

समाज संवाददाता

हेटौंडाः मकवानपुरको इन्द्रसरोवर गाउँपालिकामा राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सुरु भएको छ । बुधबारबाट सुरु भएको प्रतियोगिताको उद्घाटन गाउँपालिकाका अध्यक्ष देवकृष्ण पुडासैनीले गर्नुभएको थियो ।

बिहीबार भएको प्रतियोगिताअन्तर्गत् रिलेदौडतर्फ महाचुनी माध्यमिक विद्यालयम प्रथम, बत्सलादेवी माध्यमिक विद्यालय द्वितीय र कालिका माध्यमिक विद्यालय तृतीय भएका छन् । एक सय मिटर दौडमा महाचुनी माध्यमिक विद्यालय प्रथम, कालिका माध्यमिक विद्यालय द्वितीय र कालीदेवी माध्यमिक विद्यालय तृतीय भएका छन् ।

४ सय मिटर दौडमा कालिका माध्यमिक विद्यालय प्रथम, पञ्चकन्या माध्यमिक विद्यालय द्वितीय र कालीदेवी माध्यमिक विद्यालय तृतीय भएका छन् । सटपुटमा सरस्वती बालबोधिनी माध्यमिक विद्यालय प्रथम, महाचुनी माध्यमिक विद्यालय द्वितीय र पञ्चकन्या माध्यमिक विद्यालय तृतीय भएका छन् । हाइजम्पमा वत्सलादेवी माध्यमिक विद्यालय प्रथम, महाचुनी माध्यमिक विद्यालय द्वितीय र पञ्चकन्या माध्यमिक विद्यालय तृतीय भएका छन् ।

पालिकास्तरीय प्रतियोगिताबाट छनोट भएका खेलाडीहरुले जिल्लास्तरीय प्रतियोगितामा सहभागिता जनाउन पाउनेछन् । प्रतियोगिताअन्तर्गत् शुक्रबार महिला तथा पुरुष भलिबल प्रतियोगिता हुनेछ ।

# गर्भवतीको निःशुल्क जाँच

समाज संवाददाता

हेटौंडाः मकवानपुरमा रहेको मनहरी गाउँपालिकाले गर्भवतीलाई निःशुल्क जाँच एवम् एम्बुलेन्स सेवा दिएको छ । मंसिर महिनादेखि मनहरी गाउँपालिकाले गर्भवतीलक्षित महिलाहरुलाई सेवा दिएको गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख रामचन्द्र दाहालले जानकारी दिनुभयो ।

दाहालका अनुसार पालिकाले आफ्नै खर्चले एम्बुलेन्स खरिद गरेको हो । आर्थिक अवस्था कमजोर भएका तथा साधन नभएका बिरामीले पनि जाँच गर्न पाउन भने उद्देश्यले एम्बुलेन्सको सेवा प्रदान गरिएको उहाँले बताउनुभयो । गाउँपालिकाले ८ सय ४१ जना गर्भवतीलाई निःशुल्क सेवा दिने लक्ष्य राखेको छ ।

मनहरी गाउँपालिकामा ३ वटा एम्बुलेन्स रहेको छ । पालिकाको एम्बुलेन्सले पालिकाका बासिन्दालाई निःशुल्क सेवा दिने भएको छ भने अरु पालिकाका बासिन्दाले एम्बुलेन्सबाहेको सेवा निःशुल्क पाउने दाहालले बताउनुभयो ।

बुधबार मनहरी गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीले स्वास्थ्य शाखालाई भिडियो एक्स-रे मेशिन हस्तान्तरण गर्नुभएको थियो । यस्तै, गाउँपालिकाले गर्भवती महिलाहरुको पिसाब तथा रगत जाँच सेवा पनि निःशुल्क गरेको थियो ।


बालविवाह सामाजिक र कानुनी अपराध हो

- बीस वर्ष नपुगी बिवाह नगरौं र नगराऔं
- उमेर नपुगी विवाह गर्दा सामाजिक र कानूनी अपराध हो,
- त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुवै हुने कानूनी व्यवस्था छ ।

सुकराम के.सी
वडा अध्यक्ष तथा
९ नम्बर वडा कार्यालय परिवार

हेटौंडा रिफरेन्स ल्याबरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्याबरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

स्वादिष्ट नेवारी खाजा
अब

होटल बासुकला (फास्टफुड) मा
स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
नेवारी खाजा सेट, मःम, चाउमिन, बारा, योमरी लगायत
सुख्खा रोटी, आलु पराठा, फ्राइ राइस, मटन मम, बिरयानी, कोन डग, सेकुवा, चिकेन क्रन्ची,
होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।
हेटौंडा-४ पारिजातपथ, ०५७-५२६०१३

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला
QRL (Qualified Reference Lab)

हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।
सम्पर्क ०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौंडा-१, ब्लडबैंकअगाडि


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ